हिमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः संख्याः मितिः

भाग-२

हिमा गाउँपालिका

कालिकाखेतु,जुम्ला

हिमा गाँउपालिका,जुम्ला

# हिमा गाउपालिका

# हिमा गाउपालिकाको क्षेत्रमा रहेका सम्पुर्ण घर धुरीहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति :— २०७६।१२।२० गते

हिमा गाँउपालिका,जुम्ला

हिमा गाउपालिकाको क्षेत्रमा रहेका सम्पुर्ण घरधुरीहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

प्रस्तावना

कोभिड–१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्नको

लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा ३ बमोजिम हिमा गाउ कार्यपालिकाले यो मापदण्ड  बनाइ लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम ‘हिमा गाउपालिकाको क्षेत्रमा कार्यरत रहेका सम्पुर्णा घरधुरीलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) ‘असहाय’ भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वार, चर्च वा बृद्धाआश्रममा बस्ने व्यक्ति सम्झनु पर्दछ ।

(ख) ‘राहत’ भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम गाउपालिकाले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्दछ ।

(ग) ‘स्थानीय तह’ भन्नाले हिमा गाउपालिका सम्झनुपर्दछ ।

३. अभिलेख राख्नुपर्नेः (१) यस मापदण्ड वमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्वन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछः

क) पसलवाट ग्राहकको घरसम्म सामान ओसारप्रसार गर्ने श्रमिक

ख) पर्यटक भरिया निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने वाटोमा आवश्यक वस्तुहरु ओसारप्रसार गर्ने व्यक्ति

ग) ट्रक टिृपर भ्यानवाट सामान लोड अनलोड गर्ने श्रमिक

घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

ङ) आफ्नो नातेदार वाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्याक्ति

च) गिटी कुट्ने वालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर

छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मि सिकर्मी हेल्पर लगायतका मजदुर

ज) नाङ्लो पसले दैनिक रुपमा पत्रिका वितरक साना फुटपात पसले ठेला गाडा तथा साइकिलमा सामान विक्रि वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर

हिमा गाउँपालिका,जुम्ला

झ) देहायका यातायत मजदुर

१) अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक सहचालक

२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक

३) रिक्सा तथा ठेलागाडा चालक

४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर

ञ) अन्य व्यक्तिको गार्मेन्ट कार्पेट टेलरिङ गलैचा वुट्टा तथा जर्ति भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति

२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूचि (१) बमोजिम सम्वन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तिन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

३ क. श्रमिक तथा असहाय राहात आपुर्ती समिति : दफा ५ वमोजिमको राहत वितरणका लागि आपुर्ती व्यवस्थापन गर्न निम्न वमोजिमको वडास्तरीय समिति मार्फत गर्नु पर्नेछ ।

सयोजक : वडाअध्यक्ष

सदस्य : वडा सदस्य सवै

सदस्य : वडाका राजनितिक दलका २ जना प्रतिनिधि

सदस्य : स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि

सदस्य सचिव : वडा सचिव

४. राहत वितरण गर्नुपर्ने : हिमा गउँपालिकामा रहेका सम्पुर्ण घरधुरीलाई तत्कालका लागी चामल ३० के.जि र नुन २५ के.जि समानुपातिक रूपमा वितरणा गर्ने साथै नुन र चामल नेपाल खाद्यन संस्थान र नेपाल साल्ट्र टेडिङ **वाट उपलब्ध** गराइनेछ असहायहरुलाई सम्बन्धित वडाले अनुसूची (२) बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बामोजिमको राहत आवश्यकता अनुसार वितरण गर्नुपर्नेछ ।

५. राहत सामाग्री : (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायकहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछ ।

(क) चामल ३० किलोग्राम

(ख) साबुन १ वटा

हिमा गाँउपालिका,जुम्ला

(ग) माक्स आवसेकता अनुसार

(घ) नुन २५ के.जि.

(२) यस मापदण्ड बामोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्दछ। साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) वमोजिमको राहत सामग्रीको आधा र सोभन्दा बढि परिवार संख्या भए पुरै राहत सामग्री वितरण गरिनेछ तर प्रथम पटक राहत वितरणका लागी दफ ४ **वमोजिम** हुनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत समाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. वितरण गर्ने विधि : (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत कार्यपालिकाको निर्णय वमोजिम सामाग्री वितरण गर्नु पर्नेछ

(क) राहत वितरणको लागि सम्वन्धित वडा समितिले वितरण गर्ने ।

(ख) सम्वन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिवाट वितरण गर्न नसक्ने अवस्था भएमा देहायवमोजिम गर्नेः

७. राहत वितरणको अभिलेख र प्रतिवेदन : (१) सम्बन्धित वडाले वितरणको अनसूची–२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची (३) बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउर्नुपर्नेछ ।

हिमा गाँउपालिका,जुम्ला

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. कारबाही सम्बन्धी व्यवस्था : (१) यस कार्यविधीमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरा राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नुपर्नेछ ।

९. विपदको आपतकालिन अवस्थामा कार्यपालिकाको निर्णय अनुसार जुनसुकै व्यवस्था गर्न सकिन्छ ।

१०. हिमा गँउपालिकाको क्षेत्रभित्र कुनै संघ संस्था, ब्यक्तिले राहत वाड्न चाहेमा सम्पुर्ण विवरण खुलाइ निवेदन पेश गर्नुप्रने र कार्यपालिकाको निर्णय वमोजिम बाड्ने यदि कार्यापालिकाको अनुमति विना आफुखुसी बाडेको देखियमा गाउँपालिका बाट कारवाहीको लागी प्रक्रिया अघि बढाइने छ साथै गृह मन्त्रालयको प्राप्त परिपत्र **बमोजिम** अगाडी बढ्ने ।

हिमा गाँउपालिका,जुम्ला

अनुसूची–१

(दफा ३ सँग सम्बन्धित)

निवेदनको ढाचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थर : २. बाबुको नाम : ३. बाजेको नाम

४. स्थायी ठेगाना : ५. हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :

८. पेश गरेको कागजातको विवरण : (कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा

(ख) गरिब घर परिवार परिचयपत्रको प्रतिलिपी वा

(ग) सवारी चालक अनुमति पत्रको प्रतिलिपी वा

(घ) अन्य :

९. राहत लिने व्यक्तिको स्वः घोषणा :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो दिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक :

दस्तखत :

मिति :

औँठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी :

दस्तखत :

नाम : पद :

मिति :

स्थानीय तह : वडा नं:

हिमा गाँउपालिका,जुम्ला

अनूसूची २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

हिमा गाउपालिका

वडा नं. ...................... कार्यालय : ...................

राहत विवरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन नं.

हिमा गाँउपालिका, जुम्ला

अनूसूची ३

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

हिमा गाउपालिका

वडा नं. ...................... कार्यालय : ...................

प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रतिवेदन गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन नं.

आज्ञाले

**नामः टोप बहादुर बुढा**

प्रमुख प्रशासकीय अधिकृत

हिमा गाँउपालिका,जुम्ला